# संरक्षित क्षेत्रको पुनरसंरचनाः
## नेपालको संरक्षण क्षेत्र व्यवस्थापनमा लोकतान्त्रिक ढाँचाको खोजी



## छलफलका विषयहरु

१. संरक्षित क्षेत्रको तथ्यगत अवस्था
२. संरक्षित क्षेत्र घोषणा तथा विस्तार सम्बन्धी तर्कहरु
३. संरक्षित क्षेत्र व्यवस्थापनका विद्यमान ढाँचा तथा पद्दतिहरु
४. समुदायमा आधारित संरक्षित क्षेत्रः अवधारणा र अभ्यास
५. संरक्षित क्षेत्रको शासकीय पद्धतिका मूलभूत मुद्दाहरु

## १. तथ्यगत अवस्था : विश्वव्यापी परिदृष्य

- संरक्षित क्षेत्रको मुख्य मार्गदर्शक महासन्धिः जैविक विविधता महासन्धि १९९२
- महासन्धिको संरक्षित क्षेत्रसम्बन्धी कार्यक्रमः पारिस्थीकीय प्रणालीहरुको सन्तुलित प्रतिनिधित्व हुनेगरी विविधतायुक्त पद्दत्तिमा आधारित संरक्षित क्षेत्रहरुको प्रभावकारी व्यवस्थापन
- महासन्धिको संरक्षित क्षेत्रसम्बन्धी लक्षीत कार्य २०१०: जैविक विविधताको ह्रास दरलाई घटाउने ।
- संयुक्त राष्ट्रसंघीय सहश्राव्दी विकास लक्ष-७: वातावरणीय दिगोपनाको सुनिश्चितता







Source: WDPA, 2011

**नेपालमा कति प्रतिशत भू-भागलाई संरक्षित क्षेत्रको रुपमा घोषणा गर्ने ?**

## १. तथ्यगत अवस्थाः नेपालमा संरक्षित क्षेत्र विस्तारको क्रम




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Date | 1973 | 1976 | 1984 | 1987 | 1991 | 1992 | 1996 | 1998 | 1999 | 2002 | 2004 | 2005 | 2006 | 2009 | 2010 |
| Areas | 932 | 4412 | 9,659 | 10984 | 12484 | 20113 | 21361 | 26827 | 27657 | 28076 | 28492.5 | 28791 | 29204 | 30799 | 36279 |

**संरक्षित क्षेत्र विस्तारको यो क्रम कहाँसम्म पुग्छ ? २५%, ३०%, ४०%, ५०%, ६०% ?**

# १. तथ्यगत अवस्था : नेपालका संरक्षित क्षेत्रहरु




संरक्षित क्षेत्र घोषणा तथा विस्तारका आधार र कारणहरु के हुन ?

# २. संरक्षित क्षेत्र घोषणा तथा विस्तार सम्बन्धी तर्कहरु

**सरकारी तर्क**
- अन्तर्राष्ट्रिय दायित्व
- सहश्राब्दी विकास लक्ष
- जैविक विविधता रणनीति र योजना

**परियोजनाहवादीरुको तर्क**
- जैविक मार्गको स्थापना
- मध्य पहाडमा संरक्षित क्षेत्रको आवश्यकता
- प्रजाति प्रेम

**निजी क्षेत्रको तर्क**
- पर्या-पर्यटन
- होटल व्यवसाय
- पदयात्रा

सरकार - अन्तर्राष्ट्रिय प्रतिवद्धताका सन्दर्भमा संरक्षित क्षेत्रहरुको विस्तार गर्न नेपाल के कारणले बाध्य छ ?
परियोजनावादी- संरक्षणले मात्र प्रभावित समुदायको गरिवी न्यूनिकरण र श्रोतमाथिको अधिकार कसरी सुनिश्चित हुन्छ ?
निजी क्षेत्र - संरक्षित क्षेत्रमा हुने पर्यटन व्यवसायको मुनाफामा प्रभावित वासिन्दाहरु कसरी हिस्सेदार बन्न सक्छन् ?

# ३. संरक्षित क्षेत्र व्यवस्थापनका विद्यमान पद्दतिहरु

| संरक्षित क्षेत्रका प्रकारहरु | संख्या | सरकार नियन्त्रित संरक्षित क्षेत्रहरु | संयुक्त रुपमा व्यवस्थापन गरिएका संरक्षित क्षेत्रहरु | समुदाय व्यवस्थित संरक्षित क्षेत्रहरु |
|---|---|---|---|---|
| राष्ट्रिय निकुञ्ज | १० | १० | ० | ० |
| आरक्ष | ४ | ४ | ० | ० |
| संरक्षण क्षेत्रहरु | ६ | २ | ३ | १ |
| मध्यवर्ति क्षेत्र | १२ | ० | १२ | ० |
| रामसार सूचिमा समावेश गरिएका सिमसार क्षेत्रहरु | ९ | ५ | ४ | ० |
| संरक्षित वनहरु | ७ | ७ | ० | ० |
| जम्मा | ४८ | २८ | १९ | १ |




१. संरक्षित क्षेत्र व्यवस्थापनका लागि किन विविधतायुक्त व्यवस्थापन पद्दतिहरुको अवलम्बन हुन सकेको छैन ?
२. संरक्षित क्षेत्र व्यवस्थापन सम्बन्धी विद्यमान ढाँचा तथा पद्धतिहरु उपयुक्त छन् त ?

# ३. पद्दति : संरक्षण क्षेत्रको कानुनी जञ्जाल



## ३ पद्धति : संरक्षित क्षेत्रको संस्थागत संरचना




**संरचनागत जटिलताहरु**

- सर्वसाधारणले बुझ्न नसक्ने जटिल किसिमको संस्थागत संरचना
- केन्द्रिकृत निर्णय प्रक्रिया
- परिषद्, समिति र समूहमा नेतृत्व छनौट प्रणालीमा अस्पष्टता र मनोनयन प्रथाको हावी
- तहगत रुपमा सरकारी संरचना र सामुदायिक संरचनाहरुका बीच दोहोरो सम्बन्ध र समन्वयको अभाव

## ४. समुदायमा आधारित संरक्षित क्षेत्र: अवधारणा र अभ्यास

- संरक्षित क्षेत्र व्यवस्थापनका लागि विशयव्यापी मान्यता प्रदान गरिएको एउटा प्रभावकारी पद्धति
- नेपालका समुदायमा आधारित वनहरु, साना सिमसार, ताल, कुण्ड, पोखरी, जैविक मार्ग आदी सामुदायिक संरक्षित क्षेत्रको रुपमा व्यवस्थापन हुँदै आएका।
- नेपालको अन्तरिम संविधान : समुदायमा आधारित प्राकृतिक श्रोत व्यवस्थापन पद्धतिलाई प्राथमिकता दिनु पर्ने।
- नीतिगत प्रावधान (सिमसार, जैविक विविधता रणनीति, जलश्रोत रणनीति आदी)



**आदिवासी एवं समुदायले सानो स्तरका प्राप्त गरेको सफलतालाई आधार मानी ठूलो भू-दृष्यमा फैलिएका जैविक विविधतायुक्त संरक्षित क्षेत्रहरुको व्यवस्थापनमा कसरी उपयोग गर्न सक्छन् ?**

## ४. संरक्षित क्षेत्र घोषणा तथा विस्तारका सम्बन्धमा आदिवासी एवं स्थानीय समुदायका अभिमतहरु

**संरक्षित क्षेत्र घोषणा तथा विस्तारमा असहमतिका आधारहरु**

- संरक्षित क्षेत्र सम्बन्धी कानुन र व्यवस्थापन पद्दति केन्द्रिकृत र अलोकतान्त्रिक हुनु।
- संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मर्म प्रतिविम्बित हुनेगरी संरक्षित क्षेत्रसम्बन्धी नयाँ कानुनको तर्जुमा नहुनु।
- संरक्षित क्षेत्रमा जैविक विविधता महासन्धि र ILO १६९ को सम्मान नहुनु।
- समुदायमा आधारित संरक्षण क्षेत्रको अवधारणालाई मान्यता नदिइनु।

**आदिवासी एवं स्थानीय समुदायले संरक्षित क्षेत्रका सन्दर्भमा आफ्नो कस्तो किसिमको मान्यता र भूमिका चाहन्छ ?**

## संरक्षित क्षेत्रमा लोकतान्त्रिकरणका लागि एक अभियानमुखी नमूना : गौरीशंकर संरक्षण क्षेत्र

**जिविस, दोलखा**

- जिल्ला परिषद्बाट गौरीशंकर क्षेत्रलाई सामुदायिक संरक्षण क्षेत्रको रुपमा व्यवस्थापन गर्ने सैद्धान्तिक निर्णय - स्पष्ट अवधारणा र खाकाको अभाव
- सरकारसँग प्रक्रिया अगाडी बढाउन आग्रह - केन्द्र आश्रित

**नेपाल सरकार**

- अध्ययनका लागि कार्यदलको गठन - आदिवासी एवं स्थानीय समुदायको प्रतिनिधित्व नभएको
- २०६६ मा गौरीशंकर संरक्षण क्षेत्रको रुपमा घोषणा - कुन ढाँचाको संरक्षण क्षेत्र भन्ने बारेमा अस्पष्टता

**राष्ट्रिय प्रकृति संरक्षण कोष**

- संरक्षण क्षेत्र व्यवस्थापनको जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई दिने सरकारी निर्णय - विकल्प विश्लेष र सहभागितामूलक प्रक्रिया अवलम्बनको अभाव
- राष्ट्रिय प्रकृति संरक्षण कोषद्वारा कार्य प्रारम्भ - स्थानीय परामर्श र पूर्वसूचित सहमतिको अभाव

**संघर्ष समिति**

- प्राकृतिक स्रोत एवं सामुदायिक वनमाथिको अधिकार हनन् भएकोले आदिवासी एवं स्थानीय समुदायद्वारा सरकारी निर्णय र कोषको कार्यशैलीप्रति विरोधको शुरुआत
- परिषद प्रणाली, अधिकारसम्पन्न इकाईहरु, सामुदायिक वनको स्वायत्ततता र लाभको न्यायोचित बाँडफाँट सहितको सामुदायिक संरक्षण क्षेत्रको माग सहित अभियान सञ्चालन।

## गैरिशंकर संरक्षण क्षेत्रका लागि प्रस्तावित ढाँचाहरु

### सरकार

- राष्ट्रिय प्रकृति संरक्षण कोषलाई व्यवस्थापन जिम्मेवारी सुम्पने
- राष्ट्रिय प्रकृति संरक्षण कोषले बनाएको व्यवस्थापन योजना अनुसार संरक्षण क्षेत्र व्यवस्थापन हुने ।
- प्राकृतिक एवं आर्थिक स्रोतमा कोषको नियन्त्रण रहने र समुदायहरुको हैसियत स्वायत्त नहुने ।

### समुदाय

- सामुदायिक संरक्षण क्षेत्र हुनुपर्ने
- निर्णयक निकायको रुपमा परिषदको व्यवस्था हुनुपर्ने
- ग.वि.स.स्तरका इकाईहरु अधिकार सम्पन्न हुनुपर्ने
- प्राकृतिक स्रोत व्यवस्थापन गर्ने स्थानीय समुदायहरु स्वायत्त हुनुपर्ने
- संरक्षण क्षेत्रको आम्दानी सरकार, स्थानीय निकाय र समुदायका बीचमा न्यायोचित रुपमा बाँडफँट हुनुपर्ने

## गौरीशंकर संरक्षण क्षेत्र घोषणाले जन्माएका प्रश्न र सिकाईहरु

१. जिल्ला विकास समितिको जिल्ला परिषद्को निर्णय र सरकारी घोषणाका बीचमा तामेल नखाएको अवस्थामा संरक्षणका काम कसरी प्रभावकारी हुन सक्छन् ?

२. संरक्षण क्षेत्रसम्बन्धी विद्यमान कानुन र संरचनाले स्थानीय समुदायको अधिकार सुनिश्चित नगर्ने भएकोले समुदायको असहमति भइरहेको अवस्थामा कसरी दिगो संरक्षण हुन सक्छ ?

३. सहभागितामूलक रुपमा पूर्वसूचित सहमतिका प्रक्रियाहरु अवलम्बन नगरी केन्द्रिकृत रुपमा संरक्षण क्षेत्र घोषणा गर्ने प्रक्रियाले गंभिर रुपमा विवाद जन्मन्छ ।

४. जैविक विविधताको संरक्षण गर्ने वा नगर्ने भन्ने प्रश्न होइन, संरक्षण कस्ले कसरी गर्ने र अधिकार एवं लाभको बाँडफाँटलाई न्यायोचित कसरी बनाउने भन्ने हो ।

## ५. संरक्षित क्षेत्रको शासकीय पद्धतिका मूलभूत मुद्दाहरु

**राजनीतिक प्रश्न**

- संरक्षित क्षेत्र घोषणाको वर्तमान तिब्र गतिले संघीयतामा पार्ने प्रभावलाई कसरी सुल्झाउने ?

**कानुनी प्रश्न**

- नेपालको संरक्षित क्षेत्र सम्बन्धी कानुनलाई जैविक विविधता महासन्धि, ILO १६९ र संघीयतामा आधारित संबैधानिक प्रावधान अनुकुल कसरी बनाउने ?
- सामुदायिक संरक्षण क्षेत्रको मान्यता सहितको कानुन तर्जुमा कसरी गर्ने

**संरक्षण पद्धति सम्बन्धी प्रश्न**

- जैविक विविधता संरक्षणको लागि संरक्षित क्षेत्र घोषणा वा विस्तार नै उपयुक्त उपाय वा संरचना हो त ?

**पूर्वसूचित सहमति सम्बन्धी प्रश्न**

- संरक्षण क्षेत्रको नीति, कानुन, योजना र संस्थागत संरचनाको विकास प्रक्रियामा आदिवासी एवं स्थानीय समुदायको सहभागिता र सहमतिलाई कसरी सुनिश्चित गर्ने ?

## ५. संरक्षित क्षेत्रको शासकीय पद्धतिका मूलभूत मुद्दाहरु

**संरक्षित क्षेत्रको संरचनागत तहसम्बन्धी प्रश्न**

- संरक्षित क्षेत्रका सन्दर्भमा हाल विद्यमान रहेका तहहरु ( मन्त्रालय, विभाग, निकुञ्ज/आरक्ष, संरक्षण क्षेत्रको कार्यालय, इलाका, इकाई, परिषद्, समिति, समूह आदि) नै आवश्यक हो की होइन ?

**संरक्षित क्षेत्रका संरचनाहरुको सुशासन सम्बन्धी प्रश्न**

- संरक्षित क्षेत्रमा हाल अभ्यासमा रहेका परिषद् तथा समितिहरुको नेतृत्व छनौट, निर्वाचन प्रणाली र स्रोत उपयोग प्रणाली प्रति पनि स्थानीय वासिनदाहरु सहमत छैनन् । त्यसैले यी संरचनाहरुलाई कसरी स्थानीय समुदायमुखी बनाउन सकिन्छ ?

**लाभको बाँडफाँट सम्बन्धी प्रश्न**

- संरक्षित क्षेत्रबाट प्राप्त हुने लाभको बाँडफाँट सम्बन्धी विद्यमान व्यवस्था कति उपयुक्त छ ? यसलाई कसरी समन्यायिक बनाउन सकिन्छ ?

**सेवा प्रदाय संस्थाको संलग्नता सम्बन्धी प्रश्न**

- संरक्षित क्षेत्रमा सेवा प्रदायक संस्थाहरु कहिलेसम्म रहने ?